प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८३

आयोगबाट स्वीकृत मितिः २०८३/०३/२४

<u>प्रस्तावना</u>ः आयोगले नेपालको संविधान र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ दफा ३ को उपदफा (२) बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिनुपर्ने व्यवस्था रहेकोले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन सम्बन्धी सूचकको निर्धारण र सोको मूल्याङ्कन विधिका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले सोही ऐनको दफा २३ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो कार्यविधि बनाएको छ।

परिच्छेद - १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-</u>

(क) "आयोग" भन्नाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई जनाउँछ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ लाई जनाउँछ।

(ग) "प्रदेश" भन्नाले प्रदेश सरकारलाई जनाउँछ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका समेतलाई जनाउँछ।

(ङ) "कार्यसम्पादन सूचक" भन्नाले यस आयोगले प्रदेश तथा स्थानीय तहले गरेका कार्यको मूल्याङ्कन गर्ने प्रयोजनको लागि तर्जुमा गरेका सूचकलाई जनाउँछ।

(च) "मूल्याङ्कन" भन्नाले आयोगले तर्जुमा गरेको प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन सूचकको प्रगति सम्वन्धमा निर्धारण गरेको भार (प्रतिशत) अनुसार गरिने लेखाजोखालाई जनाउँछ।

(छ) "पोर्टल" भन्नाले यस कार्यविधि बमोजिमका सूचकको प्रगति अवस्थाको जानकारी सम्बन्धित प्रदेश तथा स्थानीय तहले विद्युतीय माध्यमबाट प्रविष्टि/अपलोड गराउने प्रयोजनको लागि निर्माण गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन प्रणालीलाई जनाउँछ।

परिच्छेद - २

कार्यसम्पादन सूचक निर्माणका आधार तथा विषयक्षेत्र

३. **कार्यसम्पादन सूचक निर्माणका आधारः** कार्यसम्पादन सूचक निर्माण गर्दा निम्न पक्षलाई आधारका रुपमा लिइनेछः-

(क) नेपालको संविधानको भाग-३ "मौलिक हक र कर्तव्य", भाग-४ "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व", भाग-५ "राज्यको संरचना र राज्य शक्तिको बाँडफाँट", भाग-१० "सङ्घीय आर्थिक कार्यप्रणाली", भाग-१६ "प्रदेश आर्थिक कार्यप्रणाली", भाग-१९ "स्थानीय आर्थिक कार्यप्रणाली", भाग-२० "सङ्घ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध" र भाग-२६ "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग" सम्बन्धी व्यवस्थाहरू।

(ख) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

(च) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६

४. **कार्यसम्पादन सूचकले समेटेका विषयक्षेत्रः** कार्यसम्पादन सूचक निम्न पक्षलाई मध्यनजर गरी निर्माण गरिएको छः-

(क) प्रदेश तथा स्थानीय तहको वित्तीय सुशासनको क्षेत्र,

(ख) प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यप्रणालीको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहको राजस्व परिचालनको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहले अपनाएको कानून कार्यान्वयनको अवस्था,

(ङ) प्रदेश तथा स्थानीय तहले वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा पुऱ्याएको योगदान,

(च) प्रदेश तथा स्थानीय तहको विकास व्यवस्थापनको अवस्था,

(छ) प्रदेश तथा स्थानीय तहको शासकीय प्रबन्धको अवस्था,

(ज) प्रदेश तथा स्थानीय तहले यस आयोगले प्रयोगमा ल्याएको पोर्टलको प्रयोगको अवस्था।

परिच्छेद - ३

कार्यसम्पादन सूचक तथा मूल्याङ्कन प्रक्रिया र उपयोग

५. **कार्यसम्पादन सूचकः** (१) प्रदेश सरकारको कार्यसम्पादन मापनको लागि तोकिएको सूचक अनुसूची-१ बमोजिम हुनेछ।

(२) स्थानीय तहको कार्यसम्पादन मापनको लागि तोकिएको सूचक अनुसूची-२ बमोजिम हुनेछ।

६. **कार्यसम्पादन सूचकको व्याख्या, अङ्कभार तथा मूल्याङ्कन प्रक्रियाः** (१) अनुसूची-१ बमोजिमका सूचकको व्याख्या, अङ्कभार मूल्याङ्कन प्रक्रिया तथा विधि अनुसूची-३ बमोजिम हुनेछ।

(२) अनुसूची-२ बमोजिमका सूचकको व्याख्या, अङ्कभार मूल्याङ्कन प्रक्रिया तथा विधि अनुसूची-४ बमोजिम हुनेछ।

७. **कार्यसम्पादन मूल्याङ्कन समयावधि र आधार पुष्टिसम्बन्धी व्यवस्थाः** (१) आयोगले यस कार्यविधि बमोजिमका सूचकको प्रत्येक आर्थिक वर्षको माघ महिनाको दोस्रो हप्ताभित्र तथ्याङ्क सङ्कलन गरी माघ मसान्तभित्र मूल्याङ्कन गर्नेछ।

(२) कार्यसम्पादन सूचकको अनुसूची-३ र ४ मा उल्लेख गरिए अनुसार पुष्ट्याईं हुने आधार पुऱ्याउने जिम्मेवारी स्वंय प्रदेश तथा स्थानीय तहको हुनेछ।

(३) प्रदेश तथा स्थानीय तहले अनुसूची-३ र ४ मा उल्लेख गरिएका पुष्ट्याईं हुने आधार सोही अनुसूचीमा उल्लेखित समयावधिभित्र पोर्टलमा प्रविष्टि/अपलोड गरी सक्नु पर्नेछ।

८. **कार्यसम्पादन नतिजाको उपयोगः** (१) प्रदेश तथा स्थानीय तहले कार्यसम्पादन मूल्याङ्कनबाट प्राप्त गरेको नतिजालाई सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्यसम्पादन मूल्याङ्कनको आधारमा उपलब्ध गराइने अनुदानको सिफारिस र सशर्त अनुदानका आधार सिफारिसका लागि समेत उपयोग गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मूल्याङ्कनका आधारमा प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानलाई वित्तीय समानीकरण अनुदान अन्तर्गत देखिने गरी सिफारिस गरिनेछ।

(३) प्रदेशबाट स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको सिफारिसमा र सशर्त अनुदानको आधार सिफारिसमा समेत कार्यसम्पादन मूल्याङ्कनको नतिजालाई उपयोग गर्न सकिनेछ।

९. **मूल्याङ्कन नतिजाको पुनरावलोकनः** (१) प्रदेश तथा स्थानीय तहले प्राप्त गरेको कुल अङ्क प्रदेश तथा स्थानीय तहको जानकारीको लागि आयोगले माघ मसान्तभित्र आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको नतिजामा चित्त नबुझ्ने प्रदेश वा स्थानीय तहले सूचना प्रकाशन भएको मितिले सात दिनभित्र प्रमाणसहित पुनरावलोकनका लागि आयोग समक्ष अनुसूची-५ को ढाँचामा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन उपर आयोगले आवश्यक पुनरावलोकन/छानविन गर्नेछ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन पश्चातको नतिजालाई आयोगको वेबसाइटमा पुनः प्रकाशन गरिनेछ। उक्त नतिजाका आधारमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा र सशर्त अनुदानको आधार सिफारिस गर्दा प्रयोग गरिनेछ।

परिच्छेद — ४

विविध

१०. **पोर्टलको सञ्चालन तथा अद्यावधिः** (१) आयोगले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन प्रयोजनार्थ पोर्टलको सञ्चालन तथा अद्यावधि गरी कार्यसम्पादन सूचकको प्रगति विवरण प्रविष्टि/अपलोड गर्न प्रयोगमा ल्याउनेछ।

(२) यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रणाली सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी अनुसन्धान तथा नीति विश्लेषण सम्बन्धी काम गर्ने शाखाको हुनेछ।

(३) कुनै कारण पोर्टल सञ्चालनमा समस्या आएमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ।

११. **खारेजी र बचाउः** (१) "प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८" खारेज गरिएको छ ।

(२) "प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८" बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

तर आर्थिक वर्ष २०८२/८३ को कार्यसम्पादन मूल्याङ्कन प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम नै हुनेछ।

१२. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको उद्देश्य कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचक सम्बन्धी विवरण:

क्र. स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
१.	महालेखा परीक्षकको कार्यालयको पछिल्लो वार्षिक प्रतिवेदनमा अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको अवस्था। क. कुल बेरुजु प्रतिशत ख. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया ग. बेरुजु सम्परीक्षण	१५	महालेखा परीक्षकको कार्यालय	**क. कुल बेरुजु प्रतिशत** • ३% भन्दा बढी बेरुजु भएमा ० अङ्क, • २% भन्दा बढी ३% सम्म बेरुजु भएमा १ अङ्क, • १% भन्दा बढी २% सम्म बेरुजु भएमा २ अङ्क, • ०.५% भन्दा बढी १% सम्म बेरुजु भएमा ३ अङ्क, • ०% भन्दा बढी ०.५% सम्म बेरुजु भएमा ४ अङ्क, • शुन्य बेरुजु भएमा ५ अङ्क। **ख. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया** • लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त नभएको भए ० अङ्क, • लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त भएको भए ५ अङ्क। **ग. बेरुजु सम्परीक्षण** • कुल बेरुजुको ०% सम्परीक्षण भएमा ० अङ्क, • कुल बेरुजुको ०% भन्दा बढी २.५% सम्म सम्परीक्षण भएमा १ अङ्क, • कुल बेरुजुको २.५% भन्दा बढी ५% सम्म

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

क्र. स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				सम्परीक्षण भएमा २ अङ्क, • कुल बेरुजुको ५% भन्दा बढी र ७.५% सम्म सम्परीक्षण भएमा ३ अङ्क, • कुल बेरुजुको ७.५% भन्दा बढी र १०% सम्म सम्परीक्षण भएमा ४ अङ्क, • कुल बेरुजुको १०% भन्दा बढी सम्परीक्षण भएमा ५ अङ्क।
२.	प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेको	६	प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय	• प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान नगरेमा ० अङ्क, • प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरेमा ६ अङ्क।
३.	सवारी साधन कर वापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरे/नगरेको।	६	प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय	• सवारी साधन कर वापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा नगरेमा ० अङ्क, • सवारी साधन कर वापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरेमा प्रति महिनाका लागि ०.५ अङ्क।
४.	प्रदेश सरकारको गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत	१०	महालेखा	• कुल विनियोजित पूँजीगत रकमको ५०% वा सो भन्दा कम पूँजीगत खर्च भएमा ० अङ्क,

क्र. स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
	रकममा खर्चको प्रतिशत		नियन्त्रक कार्यालय	• कुल विनियोजित पूँजीगत रकमको ५०% भन्दा माथि ६०% सम्म पूँजीगत खर्च भएमा २ अङ्क, • कुल विनियोजित पूँजीगत रकमको ६०% भन्दा माथि ७०% सम्म पूँजीगत खर्च भएमा ४ अङ्क, • कुल विनियोजित पूँजीगत रकमको ७०% भन्दा माथि ८०% सम्म पूँजीगत खर्च भएमा ६ अङ्क, • कुल विनियोजित पूँजीगत रकमको ८०% भन्दा माथि ९०% सम्म पूँजीगत खर्च भएमा ८ अङ्क, • कुल विनियोजित पूँजीगत रकमको ९०% भन्दा माथि पूँजीगत खर्च भएमा १० अङ्क।
५.	प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था **क.** अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था **ख.** गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्था	२०	महालेखा नियन्त्रक कार्यालय	**क. अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था** • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ६०% वा सो भन्दा कम राजस्व सङ्कलन भएमा ० अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ६०% भन्दा बढी ७०% सम्म राजस्व सङ्कलन भएमा २.५ अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ७०% भन्दा बढी ८०% सम्म राजस्व सङ्कलन भएमा ५ अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ८०% भन्दा बढी ९०% सम्म राजस्व सङ्कलन भएमा ७.५ अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ९०% भन्दा माथि

क्र. स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				राजस्व सङ्कलन भएमा १० अङ्क। **ख. गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्थाः** • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% वा सो भन्दा कम भएमा ० अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% भन्दा बढी ५% सम्म भएमा २.५ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ५% भन्दा बढी १०% सम्म भएमा ५ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि १०% भन्दा बढी १५% सम्म भएमा ७.५ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि १५% भन्दा बढी भएमा १० अङ्क।

क्र.स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
६.	प्रदेश सरकारले आयोगबाट सिफारिस भएको वित्तीय समानीकरण अनुदान सम्बन्धित प्रदेश भित्र रहेका स्थानीय तहलाई हस्तान्तरण गरे/नगरेको।	६	महालेखा नियन्त्रक कार्यालय	• प्रदेश सरकारले आयोगबाट सिफारिस भए बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित प्रदेशभित्र रहेका स्थानीय तहलाई हस्तान्तरण नभएमा ० अङ्क, • प्रदेश सरकारले आयोगबाट सिफारिस भए बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित प्रदेशभित्र रहेका स्थानीय तहलाई हस्तान्तरण भएमा ६ अङ्क।
७.	प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	६	सङ्घीय अर्थ मन्त्रालय	• प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश नगरेमा ० अङ्क, • प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेमा ६ अङ्क।
८.	प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक कार्यक्रम समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	६	प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय	• प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक कार्यक्रम समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक नगरेमा ० अङ्क, • प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक कार्यक्रम समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरेमा ६ अङ्क।

क्र. स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
९.	प्रदेशको कुल वनको क्षेत्रफल (हेक्टर) मा दीगो वन व्यवस्थापनमा भएको वनको क्षेत्रफल (हेक्टरमा)	५	वन सम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालय	• कुल वनको क्षेत्रफलमा दीगो वन व्यवस्थापन नभएमा ० अङ्क, • कुल वनको क्षेत्रफलमा ०% भन्दा माथि ५% सम्म दीगो वन व्यवस्थापन भएमा १ अङ्क, • कुल वनको क्षेत्रफलमा ५% भन्दा माथि १०% सम्म दीगो वन व्यवस्थापन भएमा २ अङ्क, • कुल वनको क्षेत्रफलमा १०% भन्दा माथि १५% सम्म दीगो वन व्यवस्थापन भएमा ३ अङ्क, • कुल वनको क्षेत्रफलमा १५% भन्दा माथि २०% सम्म दीगो वन व्यवस्थापन भएमा ४ अङ्क, • कुल वनको क्षेत्रफलमा २०% भन्दा बढी क्षेत्रफलमा दीगो वन व्यवस्थापन भएमा ५ अङ्क।
१०.	सङ्घीय सरकारले प्रदेश सरकारलाई गत आर्थिक वर्षमा उपलब्ध गराएको अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान रकम असार मसान्तभित्र फिर्ता गरे/नगरेको।	५	महालेखा नियन्त्रकको कार्यालय	• सङ्घीय सरकारले प्रदेश सरकारलाई गत आर्थिक वर्षमा उपलब्ध गराएको अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान असार मसान्तभित्र फिर्ता नगरेमा ० अङ्क, • सङ्घीय सरकारले प्रदेश सरकारलाई गत आर्थिक वर्षमा उपलब्ध गराएको अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान असार मसान्तभित्र फिर्ता गरेमा ५ अङ्क।
११.	कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशुको प्रतिशत	५	सङ्घीय स्वास्थ्य	• कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु २०% भन्दा बढी भएमा ० अङ्क, • कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु १५% भन्दा बढी २०% सम्म भएमा १ अङ्क,

क्र.स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
			मन्त्रालय/ विभाग	• कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु १०% भन्दा बढी १५% सम्म भएमा २ अङ्क, • कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु ५% भन्दा बढी १०% सम्म भएमा ३ अङ्क, • कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु ०% भन्दा बढी ५% सम्म भएमा ४ अङ्क, • कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु ०% भएमा ५ अङ्क ।
१२.	गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च प्रतिशत	५	महालेखा नियन्त्रकको कार्यालय	• गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तारण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% सम्म भएमा १ अङ्क, • गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तारण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% भन्दा बढी ४०% सम्म भएमा २ अङ्क, • गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तारण भएको वित्तीय समानीकरण अनुदानको खर्च ४०% भन्दा बढी ६०% सम्म भएमा ३ अङ्क, • गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तारण भएको वित्तीय समानीकरण अनुदानको खर्च ६०% भन्दा बढी ८०% सम्म भएमा ४ अङ्क, • गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तारण भएको वित्तीय समानीकरण अनुदानको खर्च ८०% भन्दा

क्र.स	सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				बढी भएमा ५ अङ्क।
१३.	आयोगले तयार गरेको पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरे/नगरेको	५	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	• आयोगले तयार गरेको पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड नगरेमा ० अङ्क, • आयोगले तयार गरेको पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरेमा ५ अङ्क।
जम्मा अङ्कभार		१००		

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचक सम्बन्धी विवरण:

क.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
१.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरे/नगरेको।	५	सम्बन्धित स्थानीय तह	• गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश नगरेमा ० अङ्क, • गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरेमा ५ अङ्क।
२.	आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभाले असार मसान्तभित्र पारित गरे/नगरेको।	५	सम्बन्धित स्थानीय तह	• आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभाले असार मसान्तभित्र पारित नगरेमा ० अङ्क, • आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभाले असार मसान्तभित्र पारित गरेमा ५ अङ्क।
३.	स्थानीय तह र प्रदेश सरकार बीच कानुन बमोजिम बाँडफाँट हुने रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको।	५	प्रदेश लेखा नियन्त्रक कार्यालय	• स्थानीय तह र प्रदेश सरकार बीच कानुन बमोजिम बाँडफाँट हुने रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा नगरेमा ० अङ्क, • स्थानीय तह र प्रदेश सरकार बीच कानुन बमोजिम बाँडफाँट हुने रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरेमा ५ अङ्क।

क्र.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
४.	स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	५	सङ्घीय अर्थ मन्त्रालय	• स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस नगरेमा ० अङ्क, • स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरेमा ५ अङ्क।
५.	स्थानीय तहले गत आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक समीक्षा तथा तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	५	सम्बन्धित स्थानीय तह	• स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक नगरेमा ० अङ्क, • स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरेमा ५ अङ्क।
६.	स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था: (क) अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्था (ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्था	१०	महालेखा नियन्त्रकको कार्यालय	**क. अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था** • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ५०% वा सो भन्दा कम राजस्व सङ्कलन भएमा ० अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ५०% भन्दा बढी ६०% सम्म राजस्व सङ्कलन भएमा १ अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ६०% भन्दा बढी ७०% सम्म राजस्व सङ्कलन भएमा २ अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ७०% भन्दा बढी ८०% सम्म राजस्व सङ्कलन भएमा ३ अङ्क, • अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ८०% भन्दा बढी ९०% सम्म राजस्व सङ्कलन भएमा ४ अङ्क,

क.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				• अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ९०% भन्दा माथि राजस्व सङ्कलन भएमा ५ अङ्क। **ख. गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्था** • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% वा सो भन्दा कम भएमा ० अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% भन्दा बढी ३% सम्म भएमा १ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ३% भन्दा बढी ६% सम्म भएमा २ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ६% भन्दा बढी ९% सम्म भएमा ३ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ९% भन्दा बढी १२% सम्म भएमा ४ अङ्क, • गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि १२% भन्दा बढी भएमा ५ अङ्क।
७.	स्थानीय तहको गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकममा खर्चको प्रतिशत।	५	महालेखा नियन्त्रकको कार्यालय	• गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ५०% वा सो भन्दा कम खर्च भएमा ० अङ्क, • गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ५०% भन्दा माथि ६०% सम्म खर्च भएमा १ अङ्क, • गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ६०% भन्दा माथि ७०% सम्म खर्च भएमा २ अङ्क,

क.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				• गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ७०% भन्दा माथि ८०% सम्म खर्च भएमा ३ अङ्क, • गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ८०% भन्दा माथि ९०% सम्म खर्च भएमा ४ अङ्क, • गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ९०% भन्दा माथि खर्च भएमा ५ अङ्क।
८.	महालेखा परीक्षकको कार्यालयको पछिल्लो वार्षिक प्रतिवेदनमा अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको प्रतिशत। क. कुल बेरुजु प्रतिशत ख. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया ग. बेरुजु सम्परीक्षण	१५	महालेखा परीक्षकको कार्यालय	**क. कुल बेरुजु प्रतिशत:** • ३% भन्दा बढी बेरुजु भएमा ० अङ्क, • २% भन्दा बढी ३% सम्म बेरुजु भएमा १ अङ्क, • १% भन्दा बढी २% सम्म बेरुजु भएमा २ अङ्क, • ०.५% भन्दा बढी १% सम्म बेरुजु भएमा ३ अङ्क, • ०% भन्दा बढी ०.५% सम्म बेरुजु भएमा ४ अङ्क, • शुन्य बेरुजु भएमा ५ अङ्क। **ख. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया** • लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त नभएको भए ० अङ्क, • लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त भएको भए ५ अङ्क। **ग. बेरुजु सम्परीक्षण:** • कुल बेरुजुको ०% सम्परीक्षण भएमा ० अङ्क, • कुल बेरुजुको ०% भन्दा बढी २.५% सम्म सम्परीक्षण भएमा १ अङ्क, • कुल बेरुजुको २.५% भन्दा बढी ५% सम्म सम्परीक्षण भएमा २ अङ्क,

क्र.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				• कुल बेरुजुको ५% भन्दा बढी ७.५% सम्म सम्परीक्षण भएमा ३ अङ्क, • कुल बेरुजुको ७.५% भन्दा बढी १०% सम्म सम्परीक्षण भएमा ४ अङ्क, • कुल बेरुजुको १०% भन्दा बढी सम्परीक्षण भएमा ५ अङ्क।
९.	स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको।	३	सम्बन्धित स्थानीय तह	• स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा नगरेमा ० अङ्क, • स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरेमा ३ अङ्क।
१०.	स्वीकृत शिक्षा योजना कार्यान्वयनको वित्तीय प्रगति प्रतिशत।	३	शिक्षा तथा मानव स्रोत विकास केन्द्र	• लक्ष्यको तुलनामा ७५% वा सो भन्दा कम वित्तीय प्रगति गरेमा ० अङ्क, • लक्ष्यको तुलनामा ७५% भन्दा माथि ८५% सम्म वित्तीय प्रगति गरेमा १ अङ्क, • लक्ष्यको तुलनामा ८५% भन्दा माथि ९५% सम्म वित्तीय प्रगति गरेमा २ अङ्क, • लक्ष्यको तुलनामा ९५% भन्दा माथि वित्तीय प्रगति गरेमा ३ अङ्क।
११.	कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर।	३	शिक्षा तथा मानव स्रोत विकास केन्द्र	• कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ७५% वा सो भन्दा कम भएमा ० अङ्क, • कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क, • कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क, • कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ९५% भन्दा माथि भएमा ३ अङ्क।
१२.	कक्षा ८ सम्मको टिकाउ दर (Survivable Rate)।	३	शिक्षा तथा मानव स्रोत विकास	• कक्षा ८ सम्मको टिकाउ दर ७५% वा सो भन्दा कम भएमा ० अङ्क, • कक्षा ८ सम्मको टिकाउ दर ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क, • कक्षा ८ सम्मको टिकाउ दर ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क,

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

क्र.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
			केन्द्र	• कक्षा ८ सम्मको टिकाउ दर ९५% भन्दा माथि भएमा ३ अङ्क।
१३.	सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी प्रतिशत।	३	राष्ट्रिय परीक्षा बोर्ड एसइइ परिक्षा नियन्त्रण कार्यालय	• कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ७५% वा सो भन्दा कम भएमा ० अङ्क, • कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क, • कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क, • कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ९५% भन्दा माथि भएमा ३ अङ्क।
१४.	नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिलाको अनुपात।	३	स्वास्थ्य सेवा विभाग	• प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ७५% वा सो भन्दा कम भएमा ० अङ्क, • प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क, • प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क, • प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ९५% भन्दा माथि भएमा ३ अङ्क।
१५.	कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात।	३	स्वास्थ्य सेवा विभाग	• कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ७५% वा सो भन्दा कम भएमा ० अङ्क,

क्र.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				• कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क, • कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क, • कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ९५% भन्दा माथि भएमा ३ अङ्क।
१६.	पूर्ण खोप (बि.सि.जी., रोटा, पोलियो, पि.सि.भी., एफ.आई.पि.भी, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), दादुरा-रुवेला, जापानिज इन्सेफलाइटिस, टाइफाइड) सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात ।	३	स्वास्थ्य सेवा विभाग	• पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ७५% भन्दा कम भएमा ० अङ्क, • पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ७५% वा सो भन्दा माथि देखि ८५% भन्दा कम भएमा १ अङ्क, • पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ८५% वा सो भन्दा माथि ९५% भन्दा कम भएमा २ अङ्क, • पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ९५% वा सो भन्दा माथि भएमा ३ अङ्क।
१७.	० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन (पटक)।	३	स्वास्थ्य सेवा विभाग	• ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन ११ पटकभन्दा कम भएमा ० अङ्क, • ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन ११ पटकदेखि १७ पटकभन्दा कम भएमा १ अङ्क, • ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन १७ पटकदेखि २३ पटकभन्दा कम भएमा २ अङ्क, • ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन २३ पटक वा सो भन्दा बढी भएमा ३ अङ्क।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

क्र.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
१८.	स्थानीयशासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा स्थानीय तहले प्राप्त गरेको अङ्क।	३	स्थानीय तह हेर्ने सङ्घीय मन्त्रालय	• स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ७०% वा सो भन्दा कम अङ्क प्राप्त गरेमा ० अङ्क, • स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ७०% भन्दा बढी ८०% सम्म अङ्क प्राप्त गरेमा १ अङ्क, • स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ८०% भन्दा बढी ९०% सम्म अङ्क प्राप्त गरेमा २ अङ्क, • स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ९०% भन्दा बढी अङ्क प्राप्त गरेमा ३ अङ्क।
१९.	स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भए/नभएको।	२	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	• स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना नभएमा ० अङ्क, • स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भएमा २ अङ्क।
२०.	स्थानीय तहमा भूमि वर्गीकरणको अवस्था।	२	भूमि सम्बन्धी विषय हेर्ने सम्बन्धित मन्त्रालय	• भू-उपयोग ऐन बमोजिम भूमिको वर्गीकरणको प्रक्रिया सुरु नगरेमा ० अङ्क, • आधार मापदण्ड तयार गरेमा १ अङ्क, • आधार तयार गरी नक्सा अद्यावधि गरेमा १.५ अङ्क, • नक्सा अद्यावधि गरी कित्तागत विवरण तयार गरेमा २ अङ्क।
२१.	खानेपानी सरसफाई तथा स्वच्छता (NWASH) को अवस्था।	२	NWASH MIS हेर्ने सङ्घीय मन्त्रालय	• खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रणालीमा डाटा प्रविष्टि नगरेमा ० अङ्क, • खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रणालीमा डाटा प्रविष्टि सुरु गरेमा ०.५ अङ्क,

क्र.सं.	प्रस्तावित सूचक	अङ्क भार	तथ्याङ्क प्राप्त गर्ने श्रोत	मूल्याङ्कन विधि
				• खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रणालीमा डाटा प्रविष्टि कार्य सम्पन्न गरेमा १.५ अङ्क, • खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना पारित गरी आवधि रुपमा तथ्याङ्क अद्यावधि गरेमा २ अङ्क।
२२.	गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च प्रतिशत	५	महालेखा नियन्त्रकको कार्यालय	• गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% सम्म भएमा १ अङ्क, • गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% भन्दा बढी ४०% सम्म भएमा २ अङ्क, • गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ४०% भन्दा बढी ६०% सम्म भएमा ३ अङ्क, • गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ६०% भन्दा बढी ८०% सम्म भएमा ४ अङ्क, • गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ८०% भन्दा बढी भएमा ५ अङ्क।
२३.	आयोगले तयार गरेको पोर्टलमा कार्यसम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरे/नगरेको।	४	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	• पोर्टलमा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड नगरेमा ० अङ्क, • पोर्टलमा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरेमा ४ अङ्क।
	जम्मा अङ्क	१००		

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचकको मूल्याङ्कन सम्बन्धी प्रक्रिया र विधि

१. महालेखा परीक्षकको कार्यालयको पछिल्लो वार्षिक प्रतिवेदनमा अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको अवस्थाः

क. कुल बेरुजु प्रतिशतः

बेरुजुले आर्थिक अनुशासनको अवस्थालाई जनाउने हुनाले प्रदेश सरकारले आर्थिक कारोबार गर्दा यथासम्भव बेरुजु नहुने गरी गर्नु पर्दछ। यस विधिमा लेखा परीक्षण गरिएको अङ्कको आधारमा कायम हुन आएको बेरुजु प्रतिशतलाई आधार लिएको छ। आर्थिक अनुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयको पछिल्लो वार्षिक प्रतिवेदनको आधारमा न्युन बेरुजु हुने प्रदेशलाई बढी अङ्क र क्रमशः बढी बेरुजु हुने प्रदेशलाई कम अङ्क प्रदान गर्ने गरी यस उपसूचकको मूल्याङ्कन हुनेछ। यस उपसूचकको अङ्कभार ५ कायम गरिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- ३% भन्दा बढी बेरुजु भएमा ० अङ्क,
- २% भन्दा बढी ३% सम्म बेरुजु भएमा १ अङ्क,
- १% भन्दा बढी २% सम्म बेरुजु भएमा २ अङ्क,
- ०.५% भन्दा बढी १% सम्म बेरुजु भएमा ३ अङ्क,
- ०% भन्दा बढी ०.५% सम्म बेरुजु भएमा ४ अङ्क,
- शून्य बेरुजु भएमा ५ अङ्क।

ख. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रियाः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ को उपदफा (१) नियमावलीको नियम ८७ बमोजिम महालेखा परीक्षकबाट जारी भएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फस्यौंट गर्ने व्यवस्था रहेको छ। उक्त प्रतिवेदनमा औंल्याएका बेरुजु फस्यौंट गर्न प्रदेश सरकारले म्याद भित्र गरेको प्रयासलाई प्रोत्साहन एवं आर्थिक अनुशासन कायम गर्न यस उपसूचकको व्यवस्था गरिएको छ। आयोगले महालेखा परीक्षकको कार्यालयबाट यस उपसूचकको विवरण लिई मूल्याङ्कन हुनेछ। यस उपसूचकको अङ्कभार ५ कायम गरिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त नभएको भए ० अङ्क,
- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त भएको भए ५ अङ्क।

ग. **बेरुजु सम्परीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० को उपदफा (४क) मा वार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजुमध्ये असुल गर्नुपर्ने भनी औंल्याएको बेरुजु रकम असुल भई प्रमाण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नुपर्नेमा सो पेश भई आएको वा पेश्की रकम फस्यौंट भई प्रमाण पेश हुन आएको वा लेखा उत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु सम्परीक्षणको लागि अधिकारप्राप्त अधिकारीबाट फस्यौंट भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगतकट्टा गर्ने व्यवस्था छ। महालेखा परीक्षकको पछिल्लो वार्षिक प्रतिवेदनको आधारमा बेरुजु फस्यौंट गरी सम्परीक्षण गर्ने कार्यलाई प्रोत्साहन गरी आर्थिक अनुशासन कायम गर्न यस उपसूचकको व्यवस्था गरिएको छ। आयोगले महालेखा परीक्षकको कार्यालयबाट यस उपसूचकको विवरण लिई मूल्याङ्कन हुनेछ। उपसूचकको अङ्कभार ५ कायम गरिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कुल बेरुजुको ०% सम्परीक्षण भएमा ० अङ्क,
- कुल बेरुजुको ०% भन्दा बढी २.५% सम्म सम्परीक्षण भएमा १ अङ्क,
- कुल बेरुजुको २.५% भन्दा बढी ५% सम्म सम्परीक्षण भएमा २ अङ्क,
- कुल बेरुजुको ५% भन्दा बढी ७.५% सम्म सम्परीक्षण भएमा ३ अङ्क,
- कुल बेरुजुको ७.५% भन्दा बढी १०% सम्म सम्परीक्षण भएमा ४ अङ्क,
- कुल बेरुजुको १०% भन्दा बढी सम्परीक्षण भएमा ५ अङ्क।

नोटः कुनै प्रदेशको बेरुजु शुन्य भई सम्परीक्षण गरी रहनु नपर्ने अवस्थामा यस सूचक वापत पूर्ण अङ्क प्रदान गरिनेछ।

२. **प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेकोः**

आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) अनुसार प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्दै आएको छ। यसरी सिफारिस गरेको आधारलाई अवलम्बन गरेर मात्र प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनु पर्दछ। सिफारिस गरेको आधारभन्दा फरक किसिमले सशर्त अनुदान उपलब्ध गराएको अवस्थामा आयोगले गरेको सिफारिस कार्यान्वयन भएको मानिदैन। अनुदान सिफारिश कार्यलाई विश्वसनीय तुल्याउन यस सूचकको व्यवस्था गरिएको हो। प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयले गत आर्थिक वर्षमा आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गरे/नगरेको विवरण पोर्टलमा प्रमाण सहित प्रविष्टि/अपलोड गर्नु पर्नेछ। उक्त प्रमाणको आधारमा यस सूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ६ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान नगरेमा ० अङ्क,
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरेमा ६ अङ्क।

३. **सवारी साधन कर बापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको:**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम प्रदेशले असुल गर्ने सवारी साधन करमध्ये ६० प्रतिशत प्रदेशले राखी बाँकी ४० प्रतिशत रकम सोही दफाको उपदफा (५) अनुसार मासिक रुपमा सम्बन्धित स्थानीय तहले प्राप्त गर्ने गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ। प्रदेशबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने राजस्व रकम समयमै प्राप्त हुन सकेमा स्थानीय तहको प्रशासनिक तथा विकास निर्माण कार्य बिना अवरोध सुचारु रुपमा सञ्चालन हुने हुनाले यस सूचकको व्यवस्था गरिएको छ। प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयले स्थानीय सञ्चित कोषमा सवारी साधन कर रकम जम्मा गरेको विवरणको जानकारी पोर्टलमा प्रविष्टि गरी स्थानीय तहको सञ्चित कोषमा राजस्व रकम जम्मा भएको प्रमाणित हुने कागजात अपलोड गर्नु पर्नेछ। यस सूचकको कार्य प्रगति प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयले प्रविष्टि/अपलोड गरेको विवरणको आधारमा मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ६ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- सवारी साधन कर वापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा नगरेमा ० अङ्क,
- सवारी साधन कर वापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरेमा प्रति महिनाका लागि ०.५ अङ्क।

४. **प्रदेश सरकारको गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकममा खर्चको प्रतिशत:**

मुलुकको आर्थिक समृद्धिमा सरकारको पूँजीगत खर्चको ठूलो महत्व र योगदान हुन्छ। आवधिक योजनाले पूँजीगत खर्च क्षमता अभिवृद्धिलाई मुख्य सवालको रुपमा लिएको छ। पूँजीगत खर्चलाई बढवा दिँदै विकासात्मक क्रियाकलापलाई बढोत्तरी गर्न यस सूचकको व्यवस्था गरिएको हो। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणको आधारमा यस सूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार १० तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कुल विनियोजित पूँजीगत रकमको ५०% वा सो भन्दा कम पूँजीगत खर्च भएमा ० अङ्क,
- कुल विनियोजित पूँजीगत रकमको ५०% भन्दा माथि ६०% सम्म पूँजीगत

खर्च भएमा २ अङ्क,

- कुल विनियोजित पूँजीगत रकमको ६०% भन्दा माथि ७०% सम्म पूँजीगत खर्च भएमा ४ अङ्क,
- कुल विनियोजित पूँजीगत रकमको ७०% भन्दा माथि ८०% सम्म पूँजीगत खर्च भएमा ६ अङ्क,
- कुल विनियोजित पूँजीगत रकमको ८०% भन्दा माथि ९०% सम्म पूँजीगत खर्च भएमा ८ अङ्क,
- कुल विनियोजित पूँजीगत रकमको ९०% भन्दा माथि पूँजीगत खर्च भएमा १० अङ्क।

५. <u>प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था:</u>

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम सोही ऐनको अनुसूची-२ मा उल्लेखित कर तथा गैरकर प्रदेश कानून बमोजिम लगाउन र उठाउन सक्ने व्यवस्था रहेको छ। प्रदेश सरकारले प्रदेशभित्रको विकासको गतिलाई तीव्रता प्रदान गर्न आफ्नो अधिकार क्षेत्रभित्रको राजस्वका स्रोतहरूको प्रभावकारी परिचालन गर्दै राजस्व सङ्कलन बढाउँदै जानुपर्दछ। प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रका स्रोतबाट अधिकतम राजस्व सङ्कलन गर्न सकेको अवस्थामा प्रदेशको प्रशासनिक र विकास कार्यको लागि अन्य स्रोत माथिको निर्भरता कम हुँदै जान्छ। यसबाट प्रदेशको राजस्व परिचालनको प्रयत्न एवं क्षमता विकासमा टेवा पुग्ने भएकोले यस सूचकको व्यवस्था गरिएको हो। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणको आधारमा यस सूचक भित्रका दुई वटा उपसूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार २० तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

(क) <u>अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था:</u>

यस उपसूचकको लागि अङ्कभार १० तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ६०% वा सो भन्दा कम राजस्व सङ्कलन भएमा ० अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ६०% भन्दा बढी ७०% सम्म राजस्व सङ्कलन भएमा २.५ अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ७०% भन्दा बढी ८०% सम्म राजस्व सङ्कलन भएमा ५ अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ८०% भन्दा बढी ९०% सम्म राजस्व सङ्कलन भएमा ७.५ अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ९०% भन्दा माथि राजस्व सङ्कलन भएमा १० अङ्क।

(ख) **गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्थाः**

यस उपसूचकको लागि अङ्कभार १० तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% वा सो भन्दा कम भएमा ० अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% भन्दा बढी ५% सम्म भएमा २.५ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ५% भन्दा बढी १०% सम्म भएमा ५ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि १०% भन्दा बढी १५% सम्म भएमा ७.५ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि १५% भन्दा बढी भएमा १० अङ्क।

६. **प्रदेश सरकारले आयोगबाट सिफारिस भएको वित्तीय समानीकरण अनुदान सम्बन्धित प्रदेश भित्र रहेका स्थानीय तहलाई हस्तान्तरण गरे/नगरेकोः**

संविधानको धारा ६० को उपधारा (३) र (५), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ मा आयोगले प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेकोले आयोगको सिफारिस बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण भए नभएको एकिन गर्न यो सूचक राखिएको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणको आधारमा यस सूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ६ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- प्रदेश सरकारले आयोगबाट सिफारिस भए बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित प्रदेश भित्र रहेका स्थानीय तहलाई हस्तान्तरण नगरेमा ० अङ्क,
- प्रदेश सरकारले आयोगबाट सिफारिस भए बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित प्रदेश भित्र रहेका स्थानीय तहलाई हस्तान्तरण गरेमा ६ अङ्क।

७. **प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरे/नगरेकोः**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (१) ले प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम आगामी आर्थिक वर्षको लागि प्रदेश सरकारले वित्तीय हस्तान्तरण वापत के कति रकम सङ्घीय सरकारबाट प्राप्त गर्ने अपेक्षा गरेका छन् भन्ने पूर्व जानकारी

हासिल गरी बजेट तयार गर्न यो सूचकको व्यवस्था गरिएको छ। प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयले यस सूचक अनुसारको विवरण पोर्टलमा प्रविष्टि गरी सङ्घीय अर्थ मन्त्रालयमा पठाएको प्रमाण अपलोड समेत गर्नु पर्नेछ। यस सूचकको कार्य प्रगति सङ्घीय अर्थ मन्त्रालयबाट प्राप्त विवरण समेतको आधारमा मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ६ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश नगरेमा ० अङ्क,
- प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेमा ६ अङ्क।

८. **प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक कार्यक्रम समीक्षा गरी तत् सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको:**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को उपदफा (३) ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ। जस अनुसार गत आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाको सम्बन्धमा चालु आर्थिक वर्षको कार्तिक मसान्तभित्र समीक्षा गरी वेबसाइट, सूचनापाटी वा सार्वजनिक सञ्चार माध्यम मार्फत प्रकाशन गर्नुपर्नेछ। यसबाट वार्षिक समीक्षाले गत आर्थिक वर्षको बजेट कार्यान्वयनमा के कस्ता कमी कमजोरी रहे र ती कमजोरीहरूलाई समाधान गरी आगामी दिनमा त्यस्ता कमजोरी दोहोरिन नदिन अवलम्बन गर्नुपर्ने उपायको जानकारी समेत वार्षिक समीक्षाले प्रदान गर्ने हुनाले यस सूचकको व्यवस्था गरिएको हो। प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयले प्रमाण सहित पोर्टलमा प्रविष्टि/अपलोड गरेको आधारमा यस सूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ६ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक कार्यक्रम समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक नगरेमा ० अङ्क,
- प्रदेश सरकारले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक कार्यक्रम समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरेमा ६ अङ्क।

९. प्रदेशको कुल वनको क्षेत्रफल (हेक्टर) मा दीगो वन व्यवस्थापनमा भएको वनको क्षेत्रफल (हेक्टरमा):

आर्थिक वर्ष २०७९/८० मा दीगो व्यवस्थापन भएको वनको क्षेत्रफल ९० हजार हेक्टर रहेकोमा सोह्रौं योजनाले ४०० हजार हेक्टर पुऱ्याउने लक्ष्य लिएको छ। नेपालको संविधानको अनुसूची-६ मा राष्ट्रिय वन प्रदेशको अधिकार सूचीमा रहेको छ। वनको संरक्षण/सम्बर्द्धन/व्यवस्थापन गर्ने कार्यमा प्रदेश सरकारको सक्रिय भूमिका हुन्छ। राष्ट्रिय वनको कूल क्षेत्रफलमा दीगो वनको अंश वृद्धि गरी विकास र वातावरण वीच सन्तुलन कायम गर्न यस सूचकको व्यवस्था गरिएको छ। यस सूचकको कार्य प्रगतिसम्बन्धी विवरण वन तथा वातावरण हेर्ने सङ्घीय मन्त्रालयबाट प्राप्त गरी मूल्याङ्कन हुनेछ। गत आर्थिक वर्षको कुल वनको क्षेत्रफलमा दीगो वन व्यवस्थापन भएको वनको क्षेत्रफलको प्रतिशतको आधारमा यस सूचकको अङ्क प्रदान गरिनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछ :-

- कुल वनको क्षेत्रफलमा दीगो वन व्यवस्थापन नभएमा ० अङ्क,
- कुल वनको क्षेत्रफलमा ०% भन्दा माथि ५% सम्म दीगो वन व्यवस्थापन भएमा १ अङ्क,
- कुल वनको क्षेत्रफलमा ५% भन्दा माथि १०% सम्म दीगो वन व्यवस्थापन भएमा २ अङ्क,
- कुल वनको क्षेत्रफलमा १०% भन्दा माथि १५% सम्म दीगो वन व्यवस्थापन भएमा ३ अङ्क,
- कुल वनको क्षेत्रफलमा १५% भन्दा माथि २०% सम्म दीगो वन व्यवस्थापन भएमा ४ अङ्क,
- कुल वनको क्षेत्रफलमा २०% भन्दा बढी क्षेत्रफलमा दीगो वन व्यवस्थापन भएमा ५ अङ्क।

१०. सङ्घीय सरकारले प्रदेश सरकारलाई गत आर्थिक वर्षमा उपलब्ध गराएको अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान रकम असार मसान्त भित्र फिर्ता गरे/नगरेको:

विनियोजन ऐन बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो वचत रकम सोही आर्थिक वर्षको असार मसान्त भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ। विनियोजित बजेटको खर्च प्रभावकारिता वृद्धि गर्न एवं खर्च हुन नसकेको रकमलाई पुनःपरिचालन गर्ने व्यवस्थालाई टेवा/सहयोग पुऱ्याउन अनुदान फिर्तालाई सूचकको रुपमा राखिएको छ। यस सूचकको कार्य प्रगतिसम्बन्धी विवरण महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त गरी मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछ :-

- सङ्घीय सरकारले प्रदेश सरकारलाई गत आर्थिक वर्षमा उपलब्ध गराएको

अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान असार मसान्त भित्र फिर्ता नगरेमा ० अङ्क,

- सङ्घीय सरकारले प्रदेश सरकारलाई गत आर्थिक वर्षमा उपलब्ध गराएको अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने अनुदान असार मसान्त भित्र फिर्ता गरेमा ५ अङ्क।

११. **कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशुको प्रतिशत:**

प्रत्येक नवजात शिशु कार्ययोजना कार्यान्वयन योजना २०८०-८८ बमोजिम गर्भको अवधि अनुसार कम तौल लिएर जन्मिएका नवजात शिशुहरुको मृत्यु हुने सम्भावना दुई गुणा बढी हुने गर्दछ। आवधिक योजनाले राज्यद्वारा आधारभूत स्वास्थ्य सेवामा लगानी गर्ने र सो का लागि सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने तथा कुल बजेटमा स्वास्थ्य क्षेत्रको विनियोजन अंश बढाउँदै लैजाने नीति लिएको छ। सो नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहको कुल जीवित जन्ममा कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत सम्बन्धी विवरण सङ्घीय स्वास्थ्य मन्त्रालय/विभागबाट प्राप्त गरी मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछ:-

- कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु २०% भन्दा बढी भएमा ० अङ्क,
- कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु १५% भन्दा बढी २०% सम्म भएमा १ अङ्क,
- कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु १०% भन्दा बढी १५% सम्म भएमा २ अङ्क,
- कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु ५% भन्दा बढी १०% सम्म भएमा ३ अङ्क,
- कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु ०% भन्दा बढी ५% सम्म भएमा ४ अङ्क,
- कम जन्म तौल (२.५ के.जी. भन्दा कम) भएका नवजात शिशु ०% भएमा ५ अङ्क।

१२. **गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च प्रतिशत:**

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था बमोजिम हस्तान्तरण गरिएको अनुदानबाट आर्थिक तथा सामाजिक विकासलाई बढवा दिई खर्च प्रभावकारीता अभिवृद्धि गर्नका लागि यस सूचकको व्यवस्था गरिएको छ। यस सूचकको कार्य प्रगतिसम्बन्धी विवरण महालेखा नियन्त्रकको कार्यालयबाट

प्राप्त गरी मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछ :-

- गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% सम्म भएमा १ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% भन्दा बढी ४०% सम्म भएमा २ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ४०% भन्दा बढी ६०% सम्म भएमा ३ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ६०% भन्दा बढी ८०% सम्म भएमा ४ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ८०% भन्दा बढी भएमा ५ अङ्क।

१३. आयोगले तयार गरेको पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरे/नगरेको:

कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनको लागि प्रदेश सरकारको कार्यसम्पादन मापन गर्न तय गरिएका सूचकहरुमा प्रदेश सरकारबाट सम्पादन भएका कार्यको प्रगति प्रमाणित गर्ने कागजात सहित तत् तत् सूचकमा उल्लेख गरिएको समय सीमाभित्र आयोगले तयार गरेको पोर्टलमा प्रविष्टि/अपलोड गर्नुपर्नेछ। यसबाट मूल्याङ्कन प्रणाली विश्वसनीय, सरल र छिटो छरितो हुनेछ। कार्यसम्पादन सूचकसम्बन्धी विवरण प्रविष्टि/अपलोड गरे/नगरेको आधारमा यस सूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड नगरेमा ० अङ्क,
- पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरेमा ५ अङ्क।

अनुसूची-४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचकको मूल्याङ्कन सम्बन्धी प्रक्रिया र विधि

१. **गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्यय को अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरे/नगरेको:**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेस गर्नु पर्दछ। कानूनले तोकेको म्यादभित्र आय व्ययको अनुमान पेश भएमा सभामा सोउपर विस्तृत रुपमा छलफल भई आवश्यकतानुसार परिमार्जन समेत गरी त्यसलाई पारित गर्न सकिने हुनाले यस सूचकको व्यवस्था गरिएको छ। प्रत्येक स्थानीय तहले आय व्ययको अनुमान विवरण र बजेट पेश गर्न बसेको सभाको बैठकको माइन्यूट पोर्टलमा प्रविष्टि/अपलोड गर्नु पर्नेछ। यस सूचकको कार्य प्रगतिसम्बन्धी विवरण सम्बन्धित स्थानीय तहले प्रविष्टि/अपलोड गरेको आधारमा मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश नगरेमा ० अङ्क,
- गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरेमा ५ अङ्क।

२. **आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभाले असार मसान्तभित्र पारित गरे/नगरेको:**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गर्नुपर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (६) मा यसरी पेश भएको बजेट असार मसान्तभित्र पारित गरी सक्नुपर्ने कानूनी व्यवस्था रहेको छ। असार मसान्तभित्र बजेट पारित हुन सकेमा आगामी आर्थिक वर्षको पहिलो दिनदेखि नै बजेट कार्यान्वयन गर्न सकिने भई स्थानीय तहभित्रका नागरिकलाई बजेटले लक्षित गरेका कार्यको प्रतिफल प्रदान गर्न सकिने भएकोले यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहले आगामी आर्थिक वर्षको आय व्ययको

विवरण सभाले असार मसान्तभित्र पारित गरे नगरेको जानकारी पोर्टलमा प्रविष्टि/अपलोड गरी गाउँसभा/नगरसभाबाट आय व्ययको विवरण (बजेट) पारित भएको पुष्ट्याई हुने माइन्यूट अपलोड गर्नुपर्नेछ। यस सूचकको कार्य प्रगतिसम्बन्धी विवरण सम्बन्धित स्थानीय तहले प्रविष्टि/अपलोड गरेको आधारमा मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभाले असार मसान्तभित्र पारित नगरेमा ० अङ्क,
- आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सम्बन्धित गाउँ सभा वा नगर सभाले असार मसान्तभित्र पारित गरेमा ५ अङ्क।

३. <u>स्थानीय तह र प्रदेशबीच कानुन बमोजिम बाँडफाँट हुने रकममध्ये प्रदेशलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको:</u>

नेपालको संविधानको अनुसूची-६ र अनुसूची-८ मा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा (२) मा रहेको छ। यसरी प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्रभित्र सङ्कलन गर्ने राजस्वमध्ये चालीस प्रतिशत रकम समयमा नै सम्बन्धित प्रदेश/स्थानीय सरकारको सञ्चित कोषमा जम्मा भएमा प्रशासनिक तथा विकास निर्माण कार्य सुचारु रुपमा सञ्चालन हुने भएकोले यस सूचकको व्यवस्था गरिएको छ। यस सूचकको कार्य प्रगति सम्बन्धी विवरण सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणको आधारमा मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- स्थानीय तह र प्रदेश बीच कानुन बमोजिम बाँडफाँट हुने रकममध्ये प्रदेशलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा नगरेमा ० अङ्क,
- स्थानीय तह र प्रदेश बीच कानुन बमोजिम बाँडफाँट हुने रकममध्ये प्रदेशलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरेमा ५ अङ्क.

४. <u>स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको</u>:

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (१) ले प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क

सहितको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ। सो बमोजिम आगामी आर्थिक वर्षको लागि स्थानीय तहले वित्तीय हस्तान्तरण वापत के कति रकम सङ्घीय सरकारबाट प्राप्त गर्ने अपेक्षा गरेका छन् भन्ने पूर्व जानकारी हासिल गरी बजेट तयार गर्न यो सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहले यस सूचक अनुसारको विवरण पोर्टलमा प्रविष्टि गरी सङ्घीय अर्थ मन्त्रालयमा पठाएको प्रमाण अपलोड समेत गर्नुपर्नेछ। यस सूचकको कार्य प्रगति सङ्घीय अर्थ मन्त्रालयबाट प्राप्त विवरण समेतको आधारमा मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस नगरेमा ० अङ्क,
- स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरेमा ५ अङ्क।

५. स्थानीय तहले गत आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक समीक्षा तथा तत् सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको:

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को उपदफा (३) ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय तहले वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाही पारदर्शी रुपमा गरेको छ छैन भन्ने जानकारी पाउने हक प्रत्येक नागरिकलाई हुन्छ। गत आर्थिक वर्षको बजेट कार्यान्वयनमा के कस्ता कमी कमजोरी रहे र ती कमजोरीहरूलाई समाधान गरी आगामी दिनमा त्यस्ता कमजोरी दोहोरिन नदिन अवलम्बन गर्नुपर्ने उपायको जानकारी समेत बजेट समीक्षाले प्रदान गर्ने भएकोले यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहले गत आर्थिक वर्षको बजेटको समीक्षा गरी कार्तिक मसान्तभित्र सार्वजनिक गरेको जानकारी पोर्टलमा प्रविष्टि गरी वार्षिक समीक्षा गरेको प्रमाणित हुने माइन्यूट पोर्टलमा अपलोड गर्नुपर्नेछ। यस सूचकको कार्य प्रगति स्थानीय तहले प्रविष्टि/अपलोड गरेको विवरणको आधारमा मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक नगरेमा ० अङ्क,
- स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरेमा ५ अङ्क।

६. स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थाः

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-३ मा उल्लेख गरिए अनुसारको कर तथा गैरकर प्रदेश कानून बमोजिम लगाउन र उठाउन सक्ने कानूनी व्यवस्था सोही ऐनको दफा ३ को उपदफा (३) मा रहेको छ। साथै, दफा २१ को उपदफा (३) मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले विकासको गतिलाई तीव्रता प्रदान गर्न आफ्नो अधिकार क्षेत्रभित्रको राजस्वका स्रोतहरूको प्रभावकारी परिचालन गर्दै राजस्व सङ्कलन बढाउँदै जानुपर्दछ। स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका स्रोतबाट अधिकतम राजस्व सङ्कलन गर्न सकेको अवस्थामा स्थानीय तहको प्रशासनिक र विकास कार्यको लागि अन्य स्रोत माथिको निर्भरता कम हुने हुनाले यस सूचकको व्यवस्था गरिएको छ। महालेखा नियन्त्रक कार्यालयबाट यस सूचकभित्रका दुवै उपसूचकहरुको विवरण लिई मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार १० तोकिएको छ।

(क) अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः

यस उपसूचक अन्तर्गत प्रत्येक स्थानीय तहले गत आर्थिक वर्षमा राजस्व प्रक्षेपणको तुलनामा भएको यथार्थ राजस्व सङ्कलनको प्रतिशतको आधारमा प्रगति गणना हुनेछ। यस उपसूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ५०% वा सो भन्दा कम राजस्व सङ्कलन भएमा ० अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ५०% भन्दा बढी ६०% सम्म राजस्व सङ्कलन भएमा १ अङ्क ,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ६०% भन्दा बढी ७०% सम्म राजस्व सङ्कलन भएमा २ अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ७०% भन्दा बढी ८०% सम्म राजस्व सङ्कलन भएमा ३ अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ८०% भन्दा बढी ९०% सम्म राजस्व सङ्कलन भएमा ४ अङ्क,
- अनुमानित राजस्व प्रक्षेपणको तुलनामा ९०% भन्दा माथि राजस्व सङ्कलन भएमा ५ अङ्क।

(ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्थाः

यस उपसूचक अन्तर्गत प्रत्येक स्थानीय तहले पछिल्लो दुई आर्थिक वर्षमा सङ्कलन गरेको राजस्वलाई मूल आधार लिई राजस्व सङ्कलन वृद्धि प्रतिशत गणना हुनेछ। प्रत्येक स्थानीय तहले गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व

सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि प्रतिशत गणना गरिनेछ। यस उपसूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% वा सो भन्दा कम भएमा ० अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ०% भन्दा बढी ३% सम्म भएमा १ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ३% भन्दा बढी ६% सम्म भएमा २ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ६% भन्दा बढी ९% सम्म भएमा ३ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि ९% भन्दा बढी १२% सम्म भएमा ४ अङ्क,
- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धि १२% भन्दा बढी भएमा ५ अङ्क।

७. **स्थानीय तहको गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकममा खर्चको प्रतिशतः**

मुलुकको आर्थिक समृद्धिमा सरकारको पूँजीगत खर्चको ठूलो महत्व र योगदान हुन्छ। आवधिक योजनाले पूँजीगत खर्च क्षमता अभिवृद्धिलाई मुख्य सवालको रुपमा लिएको छ। पूँजीगत खर्चलाई बढवा दिँदै विकासात्मक क्रियाकलापलाई बढोत्तरी गर्न यस सूचकको व्यवस्था गरिएको हो। महालेखा नियन्त्रक कार्यालयबाट स्थानीय तहको पूँजीगत खर्चको विवरण लिई यस सूचकको प्रगतिलाई मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ५०% वा सो भन्दा कम खर्च भएमा ० अङ्क,
- गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ५०% भन्दा माथि ६०% सम्म खर्च भएमा १ अङ्क,
- गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ६०% भन्दा माथि ७०% सम्म खर्च भएमा २ अङ्क,
- गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ७०% भन्दा माथि ८०% सम्म खर्च भएमा ३ अङ्क,
- गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ८०% भन्दा माथि ९०% सम्म खर्च भएमा ४ अङ्क,
- गत आर्थिक वर्षको कुल विनियोजित पूँजीगत रकमको ९०% भन्दा माथि खर्च भएमा ५ अङ्क।

८. <u>महालेखा परीक्षकको कार्यालयको पछिल्लो वार्षिक प्रतिवेदनमा अन्तिम लेखा परीक्षणबाट औंल्याएको बेरुजुको अवस्थाः</u>

क. कुल बेरुजु प्रतिशतः

बेरुजुले आर्थिक अनुशासनको अवस्थालाई जनाउने हुनाले स्थानीय तहले आर्थिक कारोबार गर्दा यथासम्भव बेरुजु नहुने गरी गर्नुपर्दछ। आर्थिक अनुशासन कायम गर्न महालेखा परीक्षकको पछिल्लो वार्षिक प्रतिवेदनको आधारमा न्यून बेरुजु हुने स्थानीय तहलाई बढी अङ्क र क्रमशः बढी बेरुजु हुने स्थानीय तहलाई कम अङ्क प्रदान गर्ने गरी देहायको मूल्याङ्कन विधि निर्धारण गरिएको छ। यस विधिमा लेखापरीक्षण गरिएको अङ्कको आधारमा कायम हुन आएको बेरुजु प्रतिशतलाई आधार लिएको छ। महालेखा परीक्षकको कार्यालयबाट यस उपसूचकको विवरण लिई मूल्याङ्कन हुनेछ। उपसूचकको अङ्कभार ५ कायम गरिएको छ। मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- ३% भन्दा बढी बेरुजु भएमा ० अङ्क,
- २% भन्दा बढी ३% सम्म बेरुजु भएमा १ अङ्क,
- १% भन्दा बढी २% सम्म बेरुजु भएमा २ अङ्क,
- ०.५% भन्दा बढी १% सम्म बेरुजु भएमा ३ अङ्क,
- ०% भन्दा बढी ०.५% सम्म बेरुजु भएमा ४ अङ्क,
- शून्य बेरुजु भएमा ५ अङ्क।

ख. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रियाः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ उपदफा (१) र नियमावली, २०७७ को नियम ८७ बमोजिम महालेखा परीक्षकबाट जारी भएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फस्यौंट गर्ने व्यवस्था रहेको छ। उक्त प्रतिवेदनमा औंल्याएका बेरुजु फस्यौंट गर्न स्थानीय तहले म्याद भित्र गरेको प्रयासलाई प्रोत्साहन एवं आर्थिक अनुशासन कायम गर्न यस उपसूचकको व्यवस्था गरिएको छ। महालेखा परीक्षकको कार्यालयबाट यस उपसूचकको विवरण लिई मूल्याङ्कन हुनेछ। उप सूचकको अङ्कभार ५ कायम गरिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त नभएको भए ० अङ्क,
  लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही/प्रतिक्रिया प्राप्त भएको भए ५ अङ्क।

ग. बेरुजु सम्परीक्षणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० को उपदफा (४क) मा वार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजुमध्ये असुल गर्नुपर्ने भनी औंल्याएको बेरुजु रकम असुल भई प्रमाण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नुपर्नेमा सो पेश भई

आएको वा पेश्की रकम फस्र्यौट भई प्रमाण पेश हुन आएको वा लेखा उत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु सम्परीक्षणको लागि अधिकार प्राप्त अधिकारीबाट फस्र्यौट भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगतकट्टा गर्ने व्यवस्था छ। महालेखा परीक्षकको पछिल्लो वार्षिक प्रतिवेदनको आधारमा बेरुजु फस्र्यौट गरी सम्परीक्षण गर्ने कार्यलाई प्रोत्साहन गरी आर्थिक अनुशासन कायम गर्न यस उपसूचकको व्यवस्था गरिएको छ। महालेखा परीक्षकको कार्यालयबाट यस उपसूचकको विवरण लिई मूल्याङ्कन हुनेछ। उप सूचकको अङ्कभार ५ कायम गरिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कुल बेरुजुको ०% सम्परीक्षण भएमा ० अङ्क,
- कुल बेरुजुको ०% भन्दा बढी २.५% सम्म सम्परीक्षण भएमा १ अङ्क,
- कुल बेरुजुको २.५% भन्दा बढी ५% सम्म सम्परीक्षण भएमा २ अङ्क,
- कुल बेरुजुको ५% भन्दा बढी ७.५% सम्म सम्परीक्षण भएमा ३ अङ्क,
- कुल बेरुजुको ७.५% भन्दा बढी १०% सम्म सम्परीक्षण भएमा ४ अङ्क,
- कुल बेरुजुको १०% भन्दा बढी सम्परीक्षण भएमा ५ अङ्क।

नोटः कुनै स्थानीय तहको बेरुजु शुन्य भई सम्परीक्षण गरी रहनु नपर्ने अवस्थामा यस सूचक वापत पूर्ण अङ्क प्रदान गरिनेछ।

९. स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेकोः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो आवधिक योजनाले निश्चित अवधिभित्र सञ्चालन गरिने कार्यको रुपरेखालाई लिपिबद्ध गर्ने भएकोले स्थानीय तहले गर्ने कार्यहरूका सम्बन्धमा स्थानीय तहभित्रका बासिन्दाहरू अग्रिम रुपमा सुसूचित हुने, कार्यक्रम सञ्चालनमा सहयोग प्राप्त हुने, सञ्चालन गरिने कार्यको लागि आवश्यक आर्थिक पक्षको व्यवस्थापन गर्न सहज हुने र समग्रमा स्थानीय तहले सञ्चालन गर्ने कार्यको पारदर्शिता कायम हुन गई सुशासनमा टेवा पुऱ्याउन मद्दत गर्दछ। प्रत्येक स्थानीय तहले ३ वर्ष वा ५ वर्ष अवधिको आवधिक योजना निर्माण गरी कार्य गरेमा योजनाबद्ध विकासलाई टेवा पुऱ्याउने हुनाले यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहले तर्जुमा गरेको आवधिक योजना पोर्टलमा प्रविष्टि गरी उक्त योजनाको प्रमाणित प्रतिलिपि अपलोड गर्नुपर्ने छ। कार्यसम्पादन मूल्याङ्कन हुने आर्थिक वर्ष आवधिक योजनाको अवधिभित्र परेको हुनुपर्नेछ। यस सूचकको कार्य प्रगतिसम्बन्धी विवरण सम्बन्धित स्थानीय तहले प्रविष्टि/अपलोड गरेको आधारमा मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा नगरेमा ० अङ्क,

- स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरेमा ३ अङ्क।

१०. <u>स्वीकृत शिक्षा योजना कार्यान्वयनको वित्तीय प्रगति प्रतिशत:</u>

आवधिक योजनामा तीनै तहको शिक्षा प्रणालीमा एकरुपता कायम गर्दै अन्तर आवद्धता एवं गुणस्तर सुनिश्चितता गर्न विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-३२) को कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम रहेको छ। प्रत्येक स्थानीय तहले तयार गरेको शिक्षा योजनाले वित्तीय व्यवस्थापनमा सुधार ल्याई तुलनायोग्य हुने गरी शिक्षाको लगानीमा वृद्धि गर्न र शैक्षिक सुशासन कायम गर्न सहयोग पुऱ्याउने भएकोले यस सूचकको व्यवस्था गरिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट गत आर्थिक वर्षको शिक्षा योजना कार्यान्वयनको वित्तीय प्रगति विवरण लिई यस सूचकको मूल्याङ्कन हुनेछ। सूचकको अङ्कभार ३ कायम गरिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- लक्ष्यको तुलनामा ७५% वा सो भन्दा कम वित्तीय प्रगति गरेमा ० अङ्क,
- लक्ष्यको तुलनामा ७५% भन्दा माथि ८५% सम्म वित्तीय प्रगति गरेमा १ अङ्क,
- लक्ष्यको तुलनामा ८५% भन्दा माथि ९५% सम्म वित्तीय प्रगति गरेमा २ अङ्क,
- लक्ष्यको तुलनामा ९५% भन्दा माथि वित्तीय प्रगति गरेमा ३ अङ्क।

११. <u>कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर:</u>

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने व्यवस्था गरेको छ। यसैगरी अनुसूची-८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचीमा रहेको छ। आवधिक योजनामा प्रारम्भिक बालविकास देखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष एवं जीवनोपयोगी बनाई सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रकृयामा योगदान पुऱ्याउने व्यवस्था रहेकोछ। योजनाको अन्त्यसम्ममा आधारभूत तहमा खुद विद्यार्थी भर्ना दर १०० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर वृद्धिले स्थानीय तहमा शैक्षिक विकासलाई टेवा पुऱ्याउने हुनाले यस सूचकको व्यवस्था गरिएको छ। गत शैक्षिक सत्रमा प्रत्येक स्थानीय तह अन्तरगतका विद्यालय जाने उमेर समूहका कुल बालबालिकाको सङ्ख्या र सोही उमेर समूहका विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्यासम्बन्धी विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट लिई यस सूचकको मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ७५% वा सो भन्दा कम भएमा ० अङ्क,
- कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क,

- कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क,
- कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर ९५% भन्दा माथि भएमा ३ अङ्क।

१२. **कक्षा ८ सम्मको टिकाउ दर (Survivable Rate):**

विद्यार्थी टिकाउ दरले कुनै कक्षामा भर्ना भएका विद्यार्थीहरू कक्षा नदोहोऱ्याई सोभन्दा माथिल्लो तहको कक्षामा पुगेको अवस्थालाई जनाउँदछ। विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने र उत्तीर्ण भई जाने जस्ता गतिविधिले विद्यार्थीको टिकाउ दर फरक पर्दछ। टिकाउ दरले खासगरी कुनै संस्थाले अपनाएको शिक्षा प्रणालीको सक्षमता मापन गर्दछ। जति बढी विद्यार्थी टिकाउ दर भयो त्यति नै बढी त्यस्तो संस्थाको कार्य क्षमता राम्रो भएको मानिन्छ। स्थानीय तहले विद्यालय तहको शिक्षा प्रणालीमा कस्तो कार्यसम्पादन गरेका छन् भन्ने जानकारी लिन कक्षा १ मा भर्ना भई अध्ययनरत विद्यार्थीको कुल सङ्ख्यामध्ये कति विद्यार्थी उत्तीर्ण हुँदै कक्षा ८ मा अध्ययनरत रहेका छन् भन्ने मापन गर्न यस सूचकको व्यवस्था गरिएको छ। गत शैक्षिक सत्रमा प्रत्येक स्थानीय तह अन्तरगतका विद्यालयका कक्षा ८ सम्मका विद्यार्थीको टिकाउ दरको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट लिई मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कक्षा ८ सम्मको टिकाउ दर ७५% वा सो भन्दा कम भएमा ० अङ्क,
- कक्षा ८ सम्मको टिकाउ दर ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क,
- कक्षा ८ सम्मको टिकाउ दर ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क,
- कक्षा ८ सम्मको टिकाउ दर ९५% भन्दा माथि भएमा ३ अङ्क ।

१३. **सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी सङ्ख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सोभन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी प्रतिशतः**

स्थानीय तहले कक्षा १० सम्मको शैक्षिक विकासमा गरेको प्रयत्नको प्रतिफल राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने कक्षा १० को अन्तिम परीक्षा अर्थात माध्यमिक शिक्षा परीक्षाको परिमाणले देखाउँछ। प्रत्येक स्थानीय तहभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्यात्मक एवं गुणात्मक शैक्षिक सुधारमा जोड दिन यस सूचकको व्यवस्था गरिएको छ। उल्लेखित सूचकसम्बन्धी विवरण राष्ट्रिय परीक्षा बोर्ड एसइई परिक्षा नियन्त्रण कार्यालयबाट लिई मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ७५% वा सो भन्दा कम भएमा ० अङ्क,
- कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा

स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क,

- कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क,
- कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थी ९५% भन्दा माथि भएमा ३ अङ्क।

१४. <u>नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिलाको अनुपातः</u>

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। संविधानको अनुसूची-८ ले आधारभूत स्वास्थ्यलाई स्थानीय तहको अधिकारको सूचीमा समावेश गरेको छ। सोह्रौं योजनामा मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) ८५ र नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) १३ पुऱ्याउने लक्ष्य लिएको छ। WHO recommendations on antenatal care for a positive pregnancy experience, Nepal Safe Motherhood and Newborn Health Road Map, 2030 र गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामग्री, २०७९ बमोजिम आठ पटकको एन्टिनेटल केयर (ANC) मोडललाई पछिल्लो प्रोटोकलको रुपमा अपनाएको छ। स्थानीय तहले गर्भवती महिलाको स्वास्थ्य जाँच गर्ने कार्यमा कस्तो प्रगति गरेका छन् भन्ने मापन गर्न, गर्भवती महिलाको जोखिमको पहिचान गर्न, स्वास्थ्य शिक्षा सम्बन्धी जानकारी दिन, खोप र औषधी सुनिश्चित गर्न र मातृ/शिशु मृत्युदर घटाउन यस सूचकको व्यवस्था गरिएको छ। नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिलाको अनुपात सम्बन्धी विवरण स्वास्थ्य सेवा विभागबाट लिई कार्य प्रगति मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछ :-

- प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ७५% वा सो भन्दा कम भएमा ० अङ्क,
- प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क,
- प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क,
- प्रोटोकल अनुसार गर्भ जाँच गर्ने महिला ९५% भन्दा माथि भएमा ३ अङ्क।

१५. <u>कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपातः</u>

दीगो विकास लक्ष्य ३ मा दक्ष स्वास्थ्यकर्मीको (Skilled Birth Attendant-SBA) को सहयोगमा स्वास्थ्य संस्थामा जन्मिएका बालबालिका ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको

छ। स्वास्थ्य संस्थामा नगई वा दक्ष स्वास्थ्यकर्मीको सहयोग बिना घरमा नै सुत्केरी हुँदा आमा तथा नवजात शिशुले अनेकौं स्वास्थ्यसम्बन्धी जटिलताहरूको सामना गर्नुपर्ने हुँदा आमा र बच्चाको ज्यान खतरामा पर्न सक्दछ। स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिलाको संख्यामा वृद्धि गरी मातृ तथा शिशु मृत्यु दर घटाउन यस सूचकको व्यवस्था गरिएको छ। गत आर्थिक वर्ष स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात सम्बन्धी विवरण स्वास्थ्य सेवा विभागबाट लिई कार्य प्रगतिको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ७५% वा सो भन्दा कम भएमा ० अङ्क,
- कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ७५% भन्दा माथि ८५% सम्म भएमा १ अङ्क,
- कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ८५% भन्दा माथि ९५% सम्म भएमा २ अङ्क,
- कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला ९५% भन्दा माथि भएमा ३ अङ्क।

१६. <u>पूर्ण खोप (बि.सि.जी.,रोटा, पोलियो, पि.सि.भी., एफ.आई.पि.भी, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), दादुरा-रुवेला, जापानिज इन्सेफलाइटिस, टाइफाइड) सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपातः</u>

आवधिक योजनामा जन्मदेखि २४ महिना उमेर समूहका पूर्ण खोप पाउने बालबालिका ९५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। नेपाल सरकारले सञ्चालन गरेका पूर्ण खोप कार्यक्रममा जन्मदेखि २४ महिना उमेर समूहका बालबालिकालाई अनिवार्य उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रहेका पूर्ण खोप सुविधा पाउने बालबालिकाको सङ्ख्या वृद्धि गरी विकासका लागि स्वस्थ एवं सवल जनशक्ति निर्माण गर्न यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहभित्र रहेका पूर्ण खोप लगाएका बालबालिकाको सङ्ख्या सम्बन्धी विवरण स्वास्थ्य सेवा विभागबाट लिई यस सूचकको कार्य प्रगतिको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ७५% भन्दा कम भएमा ० अङ्क,
- पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ७५% वा सो भन्दा माथि ८५% भन्दा कम भएमा १ अङ्क,
- पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ८५% वा सो भन्दा माथि ९५% भन्दा कम भएमा २ अङ्क,
- पूर्ण खोप सेवा लिएका जन्मदेखि २४ महिनासम्म उमेर समूहका बालबालिका ९५% वा सो भन्दा माथि भएमा ३ अङ्क।

१७. <u>० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन (पटक):</u>

वृद्धि अनुगमन तथा प्रवर्द्धन निर्देशिका, २०७८ मा नेपालमा २ वर्ष मुनिका बालबालिकाको नियमित रुपमा वृद्धि अनुगमन तथा प्रवर्द्धनको माध्यमबाट उनीहरुको पोषण अवस्था समयमा नै पहिचान गरी आवश्यक सुधार गर्नका लागि राष्ट्रव्यापी रुपमा वृद्धि अनुगमन तथा प्रवर्द्धन सेवाको सशक्तीकरण र गुणस्तर सुधार गर्ने व्यवस्था छ। वृद्धि अनुगमन तथा प्रवर्द्धन सेवाबाट प्रत्येक महिना बालबालिकाको उमेर अनुसार वृद्धि (तौल, उचाई) भैरहेको छ वा छैन सो को कारण पत्ता लगाई आवश्यक सुधारको प्रकृया अगाडि बढाउन, कुनै रोग लागेको छ कि भनेर समयमै थाहा पाउन र सोको उपचार गर्न, स्तनपानको साथै उमेर अनुसार अन्य पोषिला खानेकुरा खुवाउन र स्थानीय स्तरमा उपलब्ध हुने खाद्यपदार्थहरुको उचित तरिकाले प्रयोग गर्नका लागि आमा तथा स्याहारकर्तालाई परामर्श दिनको लागि स्थानीय तहको प्रयत्न/प्रयासलाई बढावा दिन यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहभित्र रहेका ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमनको विवरण स्वास्थ्य सेवा विभागबाट लिई यस सूचकको कार्य प्रगतिको मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन ११ पटकभन्दा कम भएमा ० अङ्क,
- ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन ११ पटकदेखि १७ पटकभन्दा कम भएमा १ अङ्क,
- ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन १७ पटकदेखि २३ पटकभन्दा कम भएमा २ अङ्क,
- ० देखि २३ महिनाका बालबालिकाको औषत वृद्धि अनुगमन २३ पटक वा सो भन्दा बढी भएमा ३ अङ्क।

१८. <u>स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा स्थानीय तहले प्राप्त गरेको अङ्क:</u>

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०८२ बमोजिम सक्षम, सुदृढ र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी स्थानीय शासनको निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्न यो सूचकको व्यवस्था गरिएको छ। उल्लेखित सुचकको गत आर्थिक वर्षको विवरण स्थानीय तह हेर्ने सङ्घीय मन्त्रालयबाट लिई कार्य प्रगतिको मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ३ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ७०% वा सो भन्दा कम अङ्क प्राप्त गरेमा ० अङ्क,
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ७०% भन्दा बढी ८०%

सम्म अङ्क प्राप्त गरेमा १ अङ्क,

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ८०% भन्दा बढी ९०% सम्म अङ्क प्राप्त गरेमा २ अङ्क,
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा ९०% भन्दा बढी अङ्क प्राप्त गरेमा ३ अङ्क।

१९. <u>स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भए/नभएको:</u>

आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ बमोजिम विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन, तत्काल सूचना संकलन, विश्लेषण तथा सम्प्रेषण गर्न र खोज उद्दार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न स्थानीय तहमा आफ्नो कार्यक्षेत्रभित्र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने प्रावधान रहेको छ। यसबाट स्थानीय तहमा हुन सक्ने आपतकालीन व्यवस्थाको समयमा नै व्यवस्थापन गरी संस्थागत क्षमता अभिवृद्धि गर्न यस सूचकको व्यवस्था गरिएको छ। उल्लेखित सूचकको विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट लिई मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार २ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना नभएमा ० अङ्क,
- स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भएमा २ अङ्क।

२०. <u>स्थानीय तहमा भूमि वर्गीकरणको अवस्था:</u>

भू-उपयोग ऐन, २०७६ बमोजिम खेतीयोग्य जमिनको खण्डीकरण रोक्न, अव्यवस्थित शहरीकरणलाई नियन्त्रण गर्न र प्राकृतिक प्रकोप कम गर्न स्थानीय तहमा भूमिको वर्गीकरण गर्न आवश्यक रहेकोले सोही ऐनको दफा ४, ५ र ६ मा भूमिको वर्गीकरणका आधार र मापदण्ड, नक्सा अद्यावधि र कित्तागत विवरणको व्यवस्था गरिएको छ। यसबाट स्थानीय तहमा भूमिको कुशल व्यवस्थापन भई विकासका क्रियाकलाप भू-मैत्री हुने हुनाले यस सूचकको व्यवस्था गरिएको छ। स्थानीय तहमा भूमि वर्गीकरणको विवरण सम्बन्धित भूमि सम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालयबाट लिई यस सूचकको कार्य प्रगतिको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार २ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- भू-उपयोग ऐन बमोजिम भूमिको वर्गीकरणको प्रक्रिया सुरु नगरेमा ० अङ्क,
- आधार मापदण्ड तयार गरेमा १ अङ्क,
- आधार तयार गरी नक्सा अद्यावधि गरेमा १.५ अङ्क,
- नक्सा अद्यावधि गरी कित्तागत विवरण तयार गरेमा २ अङ्क ।

२१. **खानेपानी, सरसफाई तथा स्वच्छता (NWASH) को अवस्थाः**

नेपालको संविधानको धारा ३० को उपधारा (१) ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र धारा ३५ को उपधारा (४) ले स्वच्छ खानेपानी तथा सरसफाईको पहुँचलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। साथै, दीगो विकास लक्ष्य (SDG) अनुसार नेपाल सरकारले आधारभूत खानेपानी र सरसफाई सुविधाबाट लाभान्वित जनसंख्या ९९ प्रतिशत तथा सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। प्रत्येक स्थानीय तहमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी तथ्याङ्कको अनुगमन, विश्लेषण र दृश्यात्मक रुपमा प्रस्तुत गर्न NWASH MIS पोर्टल सञ्चालनमा छ। उक्त पोर्टलमार्फत् स्थानीय तहले आ-आफ्नो क्षेत्रको खानेपानी तथा सरसफाईको वास्तविक स्थिति, योजना निर्माण र बजेट व्यवस्थापन गर्न सक्ने भएकोले यस सूचकको व्यवस्था गरिएको हो। उल्लेखित सूचकसम्बन्धी विवरण NWASH MIS हेर्ने सङ्घीय मन्त्रालयबाट लिई मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार २ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रणालीमा डाटा प्रविष्टि नगरेमा ० अङ्क,
- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रणालीमा डाटा प्रविष्टि सुरु गरेमा ०.५ अङ्क,
- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रणालीमा डाटा प्रविष्टि कार्य सम्पन्न गरेमा १.५ अङ्क,
- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना पारित गरी आवधिक रुपमा तथ्याङ्क अद्यावधि गरेमा २ अङ्क।

२२. **गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च प्रतिशतः**

नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था बमोजिम हस्तान्तरण गरिएको अनुदानबाट आर्थिक तथा सामाजिक विकासलाई बढवा दिई खर्च प्रभावकारीता अभिवृद्धि गर्नका लागि यस सूचकको व्यवस्था गरिएको छ। उल्लेखित सूचकको विवरण महालेखा नियन्त्रकको कार्यालयबाट लिई कार्य प्रगतिको मूल्याङ्कन हुनेछ। सूचकको लागि अङ्कभार ५ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% सम्म भएमा १ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च २०% भन्दा बढी ४०% सम्म

भएमा २ अङ्क,

- गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ४०% भन्दा बढी ६०% सम्म भएमा ३ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ६०% भन्दा बढी ८०% सम्म भएमा ४ अङ्क,
- गत आर्थिक वर्षमा सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानको खर्च ८०% भन्दा बढी भएमा ५ अङ्क।

२३. <u>आयोगले तयार गरेको पोर्टलमा कार्यसम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरे/नगरेको:</u>

कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनको लागि स्थानीय तहको कार्यसम्पादन मापन गर्न तय गरिएका सूचकहरुमा स्थानीय तहबाट सम्पादन भएका कार्यको प्रगति प्रमाणित गर्ने कागजात सहित तत् तत् सूचकमा उल्लेख गरिएको समय सीमाभित्र आयोगले तयार गरेको पोर्टलमा प्रविष्टि/अपलोड गर्नुपर्नेछ। यसबाट मूल्याङ्कन प्रणाली विश्वसनीय, सरल र छिटो छरितो हुने भएकोले यस सूचकको व्यवस्था गरिएको छ। कार्यसम्पादन सूचकसम्बन्धी विवरण प्रविष्टि/अपलोड गरे/नगरेको आधारमा यस सूचकको मूल्याङ्कन हुनेछ। यस सूचकको लागि अङ्कभार ४ तोकिएको छ र मूल्याङ्कन विधि देहाय बमोजिम हुनेछः-

- पोर्टलमा कार्यसम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड नगरेमा ० अङ्क,
- पोर्टलमा कार्यसम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि/अपलोड गरेमा ४ अङ्क।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबार, काठमाडौं

अनुसूची-५

(दफा ९ सँग सम्बन्धित)

कार्यसम्पादन मूल्याङ्कनको नतिजा पुनरावलोकनका लागि पेश गर्ने निवेदनको ढाँचा

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,

सिंहदरबार काठमाडौं।

विषयः आ.व. २०...।... को कार्यसम्पादन मूल्याङ्कन सूचकको नतिजा पुनरावलोकन सम्बन्धमा।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को प्रयोजनका लागि तहाँ आयोगद्धारा गणना गरी वेबसाइटमा प्रकाशन गरिएको यस ...... प्रदेश/ ... पालिकाको आ.व. २०..... / ... को कार्यसम्पादन मूल्याङ्कन नतिजामध्ये देहायका सूचकको नतिजा चित्त नबुझेको हुँदा कार्यसम्पादन सूचक प्रमाणित गर्ने आवश्यक कागजात तथा विवरण सहित यो निवेदन पेश गरिएको छ। अतः उक्त कार्यसम्पादन सूचकको मूल्याङ्कन नतिजा पुनरावलोकन गरी दिनुहुन अनुरोध छ।

क्र.सं.	कार्यसम्पादन सूचक	कार्यान्वयन अवस्था	संलग्न प्रमाण	कैफियत

निवेदक

दस्तखत

नामः

पदः

फोन नं.:

मोबाइल नं.:

इमेलः